कोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लौकही ,सुनसरी
१ नं प्रदेश नेपाल
(प्रशासन शाखा)

प.स. ०७८/०७९
च.न ४

मिति: २०७८/०४/०१

सूचना । सूचना ॥ सूचना ॥।

प्रस्तुत विषयमा कोशी गाउँपालिका क्षेत्रभित्र निजि जग्गाबाट निकासी हुने बालुवा ,माटो र भरौट सम्बन्धी कर ठेक्का बन्दोबस्त सम्बन्धी मिति २०७८/०३/०३ गतेमा प्रकाशित सूचना अनुसार उक्त ठेक्काको म्याद मिति २०७८/०४/०१ गते सम्म रहेकोमा उक्त सुचनामा नियमानुसार तोकिएको केही शर्तहर छुट हुन गएका कारण कानून अनुसार थप शर्त समावेश गरी पून: मिति २०७८/०४/०२ गते बाट लागु हुनेगरी ७ (सात) दिनको म्याद थप गरेको व्यहोरा यस गाउँकार्यपालिकाको मिति २०७८/०४/०१ गते बसेको बैठकको निर्णय अनुसार सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**शर्तहरु :**

१. बोलपत्र साथ सकार गरेको वार्षिक ठेक्का रकमको ५ प्रतिशतले हुने पाउने रकम धरौटी बापत कोशी गाउँपालिकाको मेगा बैंक लौकहीमा रहेको खाता नं. ०२२००१०११८९५७ मा जम्मा गरेको सक्कली बैंक भौचर संकलग्न गर्नुपर्नेछ ।
२. बोलपत्रसाथ बोलपत्र पेश गर्ने फर्म /ठेक्केदारले नेपाली नागरिकताको प्रतिलिपि र इजाजत प्राप्त फर्मको प्रमाण पत्रको प्रतिलिपी प्रमाणित कागजात संलग्न गर्नुपर्नेछ ।
३. प्रत्येक ठेक्काको लागि तोकिएको बोलपत्र फारम दस्तुर(फिर्ता नहुने) गरि तिरी कोशी गाउँपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
४. म्याद नाघि आएको वा रित नपुगेको बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
५. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सर्वाधिकार कोशी गाउँपालिकामा सुरक्षित रहनेछ ।
६. ठेक्का सुरक्षित भएको बोलपत्रदाताले आफूले काबोल गरेको स्विकृत ठेक्का रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा मु.अ. कर बाहेक कुल ठेक्का रकमको १०(दश) प्रतिशत सम्म छुट दिइनेछ ।
७. बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।
८. शिलबन्दी बोलपत्र सूचिमा सूचना प्रकाशन भएको मितिले ८ औ दिनको १ बजेभित्र दर्ता गर्न सकिनेछ ।
९. दर्ता भएको शिलबन्दी बोलपत्रहरु ८ औ दिनको ३ बजे खोलिने छ ।
१०. ठेक्का सुरक्षित भएको बोलपत्रदाताले आफूले काबोल गरेको स्विकृत ठेक्का रकमको पहिलो किस्ता वापत २५ प्रतिशत नगद र बाँकी ७५% रकमको मान्यता प्राप्त बैंकबाट बाँकी बुझाउनु पर्ने किस्ताको बैंक गरेन्टी अनिर्वाय पेश गर्नु पर्ने छ । अन्यथा ठेक्का सम्झौता गरीने छैन
११. बन्द हडताल अन्य मानव सिर्जित कारणहरुबाट कर छुट र मिन्हा गर्ने छैन ।
१२. यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
१३.माथि उल्लेखित ठेक्का बन्दोबस्तका लागि सम्बन्धित निकायबाट मान्यता प्राप्त न्यूनतम घ वर्गका इजाजत प्राप्त फर्महरु /ठेकेदारहरुबाट मात्र शिल्बन्दी बोलपत्रमा सहभागी हुन पाउनेछन ।
१४. अन्य थप जानकारीका लागि कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

कोशी गाउँपालिकाको कार्यालय
लौकही, सुनसरी
प्रमुख प्रशासकीय अधिकृत